## ६. शिक्षण तरिका (Mode of Delivery) :

आमनेसामने सम्पर्क कक्षा तथा अनलाईन सिकाई ब्यवस्थापन प्रणाली अनुसार सिकाई

## ७. मूल्याङ्कन तरिका (Evaluation) :

आन्तरिक मूल्याङ्कन (४० प्रतिशत) : सम्वन्धित शिक्षकले शिक्षण सिकाईको क्रममा गर्ने मूल्याङ्कनका आधारमा अँक प्रदान गर्नेछ । इकाई परीक्षा, परियोजना कार्य, अनुसन्धान कार्य र तोकिएका विभिन्न कार्यहरुका आधारमा अंक प्रदान गरिनेछ (आन्तरिक भारको ६० प्रतिशत), समालोचनात्मक टिप्पणी र समिक्षा (३० प्रतिशत) र शिक्षकसँगको अन्तरक्रिया (१० प्रतिशत) ।

वाह्यमूल्यङ्कन (६० प्रतिशत) : वाहृय परीक्षा तोकिएको परीक्षा केन्द्रमा परिक्षार्थीहरु स्वयम् उपस्थित भई परीक्षा दिनुपर्नेछ जसमा छोटो उत्तर लेख्ने प्रश्न ४० प्रतिशत र लामो उत्तर लेख्ने प्रश्न ६० प्रतिशत हुनेछ ।

## ८. विद्यार्थी सहयोग (Student Support) :

प्राविधिक सहयोग, परामर्श, सिकाई निर्देशन, कन्फ्रेन्सिङ्ग, व्यक्तिगत अनलाईन सिकाई सहयोग (Individual Online Tutoring & Mentoring)

## ९. सिकाई साधन सुविधा (Learning Facilities) :

इपुस्तकालय, सिकाई ब्यवस्थापन प्रणाली(LMS), प्रत्यक्ष कक्षा प्रसारण, समय अन्तरालमा आवश्यक अभिमुखिकरण र निर्देशन विद्युतिय प्रणालीको सिकाई सामग्री ।

## १०. छात्रवृत्ति (Scholarship) :

कुल विद्यार्थी भर्ना सँख्याको १० प्रतिशतलाई छात्रवृत्तिका रुपमा शिक्षण शुल्क छुटको ब्यवस्था गरिनेछ ।

## ११.शुल्क संरचना (Fee Structure) : हाल भर्ना आवेदन माग गरेका कार्यक्रमहरुको शुल्क संरचना

| सि.नं. | संकाय | कार्यक्रम | प्रवेश शुल्क | शिक्षण शुल्क प्रति केडिट | पुस्तकालय शुल्क प्रति बर्ष | कुल |
|---|---|---|---|---|---|---|
| १ | सामाजिक शास्त्र तथा शिक्षा | Mphil in Education | २,०००। | ३,३६०। | १,५००। | १,०४,३००। |
| | | MPhil in Social Sciences | २,०००। | ३,३६०। | १,५००। | १,०४,३००। |
| | | PG Diploma in Distance & e-Learning | १,०००। | ६८०। | १,०००। | २२,४००। |
| | | Diploma in Library and Information Management | १,०००। | ६८०। | १,०००। | २२,४००। |
| २ | विज्ञान, स्वास्थ्य तथा प्रविधि | M Phil. in ICT | २,०००। | ४,२००। | १,५००। | १,६७,३००। |
| | | Master in e-Goverance | २,०००। | २,०००। | १,५००। | १,२९,५००। |

## १२. आगामि शैक्षिक सत्रमा संचालन हुने कार्यक्रमहरु :

व्यवस्थापन तथा कानून संकाय

| SN | Name of the Management Programs/Degree | Duration (Years) | Annual/ Semester | SN | Name of the Management Programs/ Degree | Duration (Years) | Annual/ Semester |
|---|---|---|---|---|---|---|---|
| 1 | Master of Science in Development Management and Governance (MSDMG) | 2 | Semester | 8 | Post Graduate Diploma in Insurance (PGDI) | 1 | Semester |
| 2 | Master of Business Administration (MBA) | 2 | Semester | 9 | Post Graduate Diploma in Entrepreneurship and Micro Finance (PGDEMF) | 1 | Semester |
| 3 | Post Graduate Diploma in Development Management and Governance (PGDMG) | 1 | Semester | 10 | Bachelor of Business Science (BBS) | 3 | Annual |
| 4 | Post Graduate Diploma in Finance (PGDF) | 1 | Semester | 11 | Bachelor of Business Administration (BBA) | 4 | Semester |
| 5 | Post Graduate Diploma in Marketing (PGDM) | 1 | Semester | 12 | Graduate Diploma in Business Science (GDBS) | 2 | Annual |
| 6 | Post Graduate Diploma in Operations (PGDO) | 1 | Semester | 13 | Graduate Diploma in Business Administration (GDBA) | 2 | Semester |
| 7 | Post Graduate Diploma in Banking (PGDB) | 1 | Semester | 14 | Bachelor of Laws (LL.B) | 3 | Annual |

## १३. आगामि प्रस्तावित कार्यक्रमहरु :

### सामाजिक शास्त्र तथा शिक्षा संकाय

- Doctor of Philosophy (Education and Social Sciences)
- Doctor of Education
- Bachelor of Arts (English, Nepali and Mathmetics)
- Bachelor of Arts and Bachelor of Education
- Post Graduate Diploma in Film Studies
- post Graduate Diploma in Fashain Design
- Master of Education
- Doctor of Philosophy in Social Sciences and Development Studies
- Doctor of Philosophy in Educational Studies
- Doctor of Philosophy in Social Sciences
- Master of Local Governance and Development Planning
- Bachelor of Arts (Film Studies)
- Bachelor of Library and Information Management
- Master of Arts (Social Work)
- Master in Pedagogical Sciences
- Postgraduate Diploma in Media Studies
- Diploma in Distance and e- Learning
- Diploma in Hindu Karmakanda
- Diploma in Jyotis and Yoga
- Diploma in Bajrayani Arts
- Diploma in Fine Arts
- Diploma in Media Studies
- Diploma in Local Governance and Development Planning
- Master of Arts (Dev.Studies)

### विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय

- Master of Philosophy in Applied Sciences
- Master of Sciences (General)
- Master of Philosopy in Sciences
- Master of Philosophy in Nutrition
- Master of Philosophy in Nursing Management
- Master of Applied Sciences
- Master of Philosophy in Applied Sciences
- Doctor of Philosophy in Sciences
- Doctor of Philosophy in Public Health
- Doctor of Philosophy in Health Care Management
- Doctor of Philosophy in Hospital Management
- Doctor of Philosophy in Nursing Management
- Doctor of Philosophy in Environment Health
- Doctor of Philosophy in Nutrition
- Advanced Certificate in Health Sciences
- Diploma in Ayurveda
- Bachelor of Applied Sciences
- Certificate in Steel Structure Engineering
- Bachelor in Public Health
- Diploma in Steel Structure Engineering
- Postgraduate Diploma in Health Sciences
- Bachelor of Steel Structure Engineering
- Bachelor of Engineering
- Bachelor of Technical and Vocational Education
- Diploma in Agriculture and Veterinary Products(dairy production, herbal farming and processing )
- Bachelor of Sciences in Climate Change and Agriculture Management
- Bachelor of Sciences
- Master in Public Health
- Master of Philosophy in Public Health
- Master of Philosophy in Healthcare Management
- Master of Philosophy in Hospital Management
- Master of Philosophy in Environment Health

# नेपाल खुला विश्वविद्यालय

मानभवन, ललितपुर, नेपाल

नेपाल खुला विश्वविद्यालय

स्था: २०७३

# कार्यक्रम परिचय

## २०७४/०७५



फोन: ०१-५००८०४७, ०१-५००८०४८

ईमेल: info@nou.edu.np

वेभसाईट: www.nou.edu.np

पोष्ट बक्स नं.: २९६

# नेपाल खुला विश्वविद्यालय

## १.परिचय (Introduction):

नेपालमा खुला शिक्षा पद्धतिद्वारा उच्च शिक्षा उपलब्ध गराउने योजना छैटौं योजनाकालदेखि नै परिकल्पना गरिए तापनि व्यवस्थापिका संसदबाट नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ पारीत भए पछि मात्र नेपाल खुला विश्वविद्यालय स्थापना भएको हो । खुला शिक्षा प्रणालीका नवीनतम शिक्षण विधि तथा प्रविधिको माध्यमबाट विभिन्न विषयमा उच्चस्तरीय अध्ययन अध्यापन तथा अनुसन्धानको व्यवस्था गरी उच्चशिक्षामा सर्वसाधारणको सहज पहुच पुऱ्याई ज्ञान, सीप, प्रविधियुत्त जनशक्ति उत्पादन गर्नका लागि सरकारी स्तरमा नेपाल खुला विश्वविद्यालय स्थापना भएको हो । वि सं २०७४ जेष्ठ ३० गते देखि यो विश्वविद्यालय संचालनमा छ । यस विश्वविद्यालयले सूचना तथा संचार प्रविधिका आधुनिक उपाय र उपकरणहरुको प्रयोग गरी खुला तथा दूर शिक्षा प्रणालीको माध्यमबाट प्राज्ञिक अनुसन्धानमूलक तथा पेशागत विकास सम्बन्धी शैक्षिक कार्यक्रमहरु संचालन गर्नेछ । समावेशी शिक्षा मार्फत ज्ञानमा आधारित समाज निर्माणका लागि निरन्तर प्रयत्न गर्नु विश्वविद्यालयको एउटा मुख्य लक्ष्य हो ।

नेपाल खुला विश्वविद्यालय गुणस्तरीय शिक्षण, अनुसन्धान, तालिम र विस्तार का गतिविधिहरु संचालन तथा नेपालमा खुला तथा दूर शिक्षा प्रणालीका विज्ञहरु तथा पूर्वाधारको राष्ट्रिय स्रोत केन्द्रका रुपमा काम गर्न प्रतिवद्ध छ । यस अतिरिक्त खुला तथा दूर सिकाई प्रणालीलाई थप समृद्ध बनाउन विश्वविद्यालय अनुसन्धान तथा अन्वेषणका कार्यहरुमा केन्द्रित हुनेछ । विश्वविद्यालयलको केन्द्रमा केन्द्रीय तहका प्राज्ञिक तथा प्रशासनिक कार्यालयहरु र स्वअध्ययन तथा स्वअभ्यासका सिकाई सामाग्रीहरु उत्पादन, प्रशारण एवं वितरण गर्ने आधारभूत केन्द्र रहने छ साथै नेपालका सातवटै प्रदेशहरुमा प्रादेशिक अध्ययन केन्द्रहरु र आवश्यकता अनुसार विभिन्न स्थानहरुमा अध्ययन केन्द्रहरु र तोकएको अवधिका लागि सम्पर्क केन्द्रहरु रहनेछन् । यी सबै केन्द्रहरु वीच समर्पित आपसी सम्पर्क सन्जाल निर्माण गरी दुईतर्फी भिडियो कन्फ्रेन्सिङ मार्फत अन्तर्क्रियात्मक विद्युतीकृत विषयवस्तुहरु लेनदेन सम्भव बनाईने छ । विश्वविद्यालयलले मिश्रित सिकाइ (Blended Learning) को ढाँचामा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न अन्तर्क्रियात्मक बहुसंचार र अनलाईन सिकाईमा जोड दिनेछ ।

नेपाल खुला विश्वविद्यालयलले सबैका लागि उच्च शिक्षाको अवसरको अवधारणाबाट निर्देशित हुदै पेशागत संलग्नता, आर्थिक विपन्नता, भौगोलिक विकटता, पारिवारिक संलग्नता तथा अन्य कारणले परम्परागत उच्च शिक्षा प्रणालीमा नसमेटिएका र अध्ययनलाई बिचमै छाडी रोजगारका लागि विदेशिन बाध्य यूवा तथा शिक्षाको अवसर बाट बञ्चित अथवा शिक्षा आर्जनका नयाँ उपायको आवश्यकता बोकेका जनसमुदायलाई आफ्नै अनुकुलको समय, स्थान, क्षमता र गतिमा प्राकृतिक र प्रविधिको सँयोजनमा स्वअध्ययन र स्व-अभ्यासबाट सिक्ने परिवेश सिर्जना गर्दछ । विश्वविद्यालयले परम्परागत विश्वविद्यालयमा अवसर प्राप्त गर्न नसकेका र विशेषत सीमान्तीकृत समूहलाई उच्चशिक्षा प्राप्त गर्ने अवसर समेत प्रदान गर्दछ । विश्वविद्यालयले कृषि, उद्योग, व्यापार एवं स्वास्थ्य लगायत अन्य विषय क्षेत्रसंग सम्वन्धित सीपयुक्त, पेशागत र प्राविधिक कार्यक्रमहरु सञ्चालन गरी जीवनपर्यन्त शिक्षाको अवसर उपलब्ध गराउनुका साथै ज्ञानको अद्यावधिकता र पुर्नसीप प्रदान गर्नेछ ।

यो विश्वविद्यालयले ज्ञानको साझा र सहज उपभोगका लागि शिक्षाको लोकतान्त्रिकरण, विविधिकरण, गुणस्तरीय शिक्षा र जीवनभर निरन्तर शिक्षाका अवसरहरुको सर्वोपलब्धताको महान यात्रा सफल बनाउनका लागि परम्परागत र सीमिततामुखी शैक्षिक प्रणालीको सट्टा सबै नागरिकहरुलाई ज्ञान, सीप सम्पन्न पार्न वैकल्पिक प्रणाली अपनाउने छ । यसका लागि विश्वविद्यालयले सूचना र ज्ञानको निर्माण, संकलन, प्रशारण र उपभोगका उपायहरु विद्युतीय युगले मागे अनुरुप विद्युतीकृत सांखिकृत (डिजिटाइज्ड) गरेर सहज रुपले संश्लेशित केन्द्रियता मार्फत ज्ञान र सूचनाहरु सहज, असीमित र अविरल प्रवाहित हुने व्यवस्था मिलाउन अथक प्रयास गर्नेछ । विद्यार्थीहरुको सिकाई सहयोगका लागि इपुस्तकालय, प्रत्येक विद्यार्थीका लागि सहयोगी ट्यूटर, विद्युतिय सिकाई ब्यवस्थापन प्रणाली, भिडियो कन्फ्रेन्सिङ्ग, विद्यार्थी सिकाई समूह लगायतका सिकाई ब्यवस्थापनका कार्य विश्वविद्यालयले गर्नेछ ।

## २. दूरदृष्टि (Vision) :

खुला तथा दूर सिकाईको माध्यमवाट तुलनात्मक रुपले सर्वसुलभ रुपमा गुणस्तरीय उच्चशिक्षा प्रदान गर्ने एक नेतृत्वदायी विश्वविद्यालयको रुपमा नेपाल खुला विश्वविद्यालयलाई विकास गर्ने ।

## ३. मूल लक्ष्य (Mission:) :

खुला तथा दूर सिकाईका नविनतम र प्रभावकारी आधुनिक प्रविधिको उपयोग गरी वजारको आवश्यकता अनुरुप विभिन्न विधामा योग्य, दक्ष, सहअस्तित्व र राष्ट्रप्रेमको भावना र चेतना भएका, कार्यशैलिमा ती गुणहरुको निरन्तर प्रतिविम्वन गरी समाज विकासमा सदा सहयोगी सकारात्मक चिन्तन सहित कार्य गर्ने नागरिक उत्पादनमा सहयोग पुग्ने गरी उच्चशिक्षाको अवसर र पहुँच सबै क्षेत्र,तह र वर्गका जनतामा पुऱ्याउने ।

## ४. उद्देश्यहरु (Objectives):

१. परम्परागत उच्चशिक्षा प्रणालीमा समाहित भई उच्च शिक्षा अध्ययन गर्ने अवसर बाट वञ्चित समूहलाई उच्च शिक्षा अध्ययनको अवसर उनीहरुको पाएक पर्ने स्थान, समय र सिकाइको गतिमा उपलब्ध गराउने,

२. विभिन्न विधामा ज्ञान, सीप र दक्षताले परिपक्क, दिगो विकासका लगि तयार, सचेत तथा सहअस्तित्वको भावनाले युक्त नागरिकहरुको उत्पादनमा आधुनिक सूचना प्रविधिको प्रयोग गरी विद्यार्थी केन्द्रित तथा अनुसन्धानमा आधारिक शिक्षण सिकाई विधीबाट अध्ययनको अवसर उपलब्ध गराउने,

३. अध्ययन अध्यापनका लागि आवश्यक इ-पुस्तकालय, प्रयोगशाला तथा अध्ययन क्षेत्रहरुको स्थापना गर्ने,

४. उच्च अध्ययनसँग सम्वन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय सँघ/सँस्थाहरुसँग सम्वन्ध विस्तार गरी गुणस्तरीय तथा समय सापेक्ष शिक्षा प्रदान गर्ने,

५. सफल जीवनका लागि सीपयुक्त नागरिक बन्न पाउने मौलिक हकको कार्यान्वयनमा जीवनपर्यन्त शिक्षाको विकास र विस्तार गरी राज्यलाई सहयोग गर्ने,

६. राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरु, उद्योग, व्यवसाय कारखानाहरुसंगको सहकार्यका आधारमा विद्यार्थीहरुका लागि कार्यमूलक र वास्तविक कार्यजीवनको अनुभवमा आधारित ज्ञान तथा सीप सिक्ने अवसर सिर्जना गर्न यी सँस्थाहरुसंग सँस्थागत सम्वन्धको विकास गरी सहकार्यमा काम गर्ने वातावरण श्रृजना गर्ने र

७. खुला शिक्षाको अवधारणा अनुसार उच्च शिक्षामा खुला प्रवेशको रणनीति अख्तियार गर्दै ठूलो समूहलाई उच्चशिक्षाको अवसर प्रदान गर्ने ।

नेपाल खुला विश्वविद्यालय सभाको प्रथम बैठकले व्यवस्थापन तथा कानून संकाय, सामाजिक शास्त्र तथा शिक्षा संकाय र विज्ञान, स्वास्थ्य तथा प्रविधि गरि तीन संकाय स्थापना र ती संकाय अन्तर्गतका प्रमाणपत्र, डिप्लोमा, स्नातक, पोस्टग्रेजुयट डिप्लोमा, स्नातकोत्तर, एमफिल र पिएचडि तहका विभिन्न शैक्षिक तथा पेशागत कार्यक्रमहरु संचालन गर्नेगरी स्वीकृती गरेको थियो ।

## ५. कोर्ष प्याकेज (Course Package) :

विद्यार्थीहरुका लागि कोर्ष पूरा गर्न लचकता प्रदान गर्ने गरी कोर्सहरुलाई तीन किसिमले दर्ता गर्ने अवसरको ब्यवस्था गरिएको छ । पूर्णकालिन र आँशिक विद्यार्थीको रुपमा कोर्स दर्ता गर्न सकिनेछ र तोकिएवमोजिमको अवधिका मुख्य तीन वटा प्याकेजमा कोर्स दर्ता गर्ने ब्यवस्था सम्वन्धित डीन कार्यालयले उपलब्ध गराउनेछ । तर कम्तिमा ३ क्रेडिटका २ वटा कोर्सहरु प्रत्येक सेमेष्टरमा दर्ता गर्नुपर्नेछ ।

| MPhil Programs | | Master in e-Goverance | |
|---|---|---|---|
| पूर्णकालिन विद्यार्थी | १.५ बर्ष | पूर्णकालिन विद्यार्थी | २ बर्ष |
| आंशिक विद्यार्थी १ | ३ बर्ष | आंशिक विद्यार्थी १ | ३ बर्ष |
| आंशिक विद्यार्थी २ | ४.५ बर्ष | आंशिक विद्यार्थी २ | ६ बर्ष |

**Diploma in Library & Information Management/Post Graduate Diploma in Distance and e-Learning**

पूर्णकालिन विद्यार्थी (१ बर्ष), आंशिक विद्यार्थी १ (२ बर्ष), आंशिक विद्यार्थी २ (३ बर्ष)

**विश्वविद्यालयले हाल निम्न संकायका निम्न कार्यक्रमहरुमा भर्ना आवेदन आव्हान गरेको छ ।**

### ५.१. सामाजिक शास्त्र तथा शिक्षा संकाय

| सि. नं. | कार्यक्रम | क्रेडिट | माध्यम | कोर्ष अवधि | न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| 1 | Diploma in Library and Information Management | 30 | English | 1 Year (2 Semesters) | Garde XII or Equivalent |
| 2 | PGD in Distance and e-Learning | 30 | English | 1 Year (2 Semesters) | Master in any discipline |
| 3 | MPhil in Social Sciences (Economics, Political Science and Sociology) | 30 | English | 1.5 Years (3 Semesters) | Master of Education or Eequivalent with minimum second div. or 2.7 CGPA in a scale of 4 |
| 4 | MPhil in Education (Nepali, English, Mathematics, Education, Health, Social Sciences) | 30 | English/ Nepali | 1.5 Years (3 Semesters) | Master of Education or Master Degree in any discipline with minimum second div. or 2.7 CGPA in a scale of 4 (Students with non-Education background have to take up a 3-credit additional course) |

### ५.२. विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय

| सि. नं. | कार्यक्रम | क्रेडिट | माध्यम | कोर्ष अवधि | न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| 1 | Master in e-Governance (Me-G) | 63 | English | 2 Years (4 Semesters) | Bachelor Degree in IT or Equivalent Bachelor Degree in any discipline with 2 years' working experience on e-Government or IT or Corporate Governance. |
| 2 | MPhil in Information and Communication Technology (MPhil in ICT) | 39 | English | 18 Months (3 Semesters) | Master Degree in IT/ICT with minimum second div. or 2.7 CGPA in a scale of 4 |